# अर्जुनचौपारी गाउँपालिका

Arjunchaupari Rural Municipality

# गाउँ कार्यपालिकाको कार्यालय

**Office of Rural Municipal Executive**

अर्जुनचौपारी, स्याङ्जा

गण्डकी प्रदेश, नेपाल

Gandaki Province, Nepal

प.सं.(Reference No ०८१।८२

च.नं.(Dispatch No):-


मितिः२०८२।०३।०२

## प्रेस विज्ञप्ती

मिति २०८२।०३।०२ गते यस अर्जुनचौपारी गाउँपालिकाको ४३औं कार्यपालिकाको बैठकबाट निर्णय भएका मुख्य निर्णयहरु तपशिल बमोजिम रहेको अर्जुनचौपारी गाउँपालिकाबासी सर्वसाधारणको जानकारीको लागि यो विज्ञप्ती प्रकाशित गरिएको छ।

**निर्णय नं. १** अर्जुनचौपारी गाउँपालिकाको आर्थिक बर्ष २०८०/०८१ को महालेखा परीक्षकको अन्तिम लेखापरीक्षण प्रतिवेदन प्राप्त भएकोमा बेरुजु देखिएको रकमको हकमा उक्त बेरुजु असुल/फछ्यौंट/सम्परीक्षणका लागि सम्बन्धित व्यक्ति/फर्मलाई जिम्मेवार बनाई बेरुजु न्यूनीकरण गर्ने साथै आगामी आर्थिक वर्षहरुमा बेरुजु कम गर्नका लागि आवश्यक पहल गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. २** आगामी आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम स्वीकृत गरी अर्जुनचौपारी गाउँपालिका गाउँसभाको १७ औं अधिवेशनमा पेश गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ३** आगामी आर्थिक वर्ष २०८२/०८३ को वार्षिक बजेट स्वीकृत गरी अर्जुनचौपारी गाउँपालिका गाउँसभाको १७ औं अधिवेशनमा पेश गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ४** अर्जुनचौपारी गाउँपालिकाको विनियोजन विधेयक, २०८२ स्वीकृत गरी अर्जुनचौपारी गाउँपालिका गाउँसभाको १७ औं अधिवेशनमा पेश गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ५** अर्जुनचौपारी गाउँपालिकाको आर्थिक विधेयक, २०८२ स्वीकृत गरी अर्जुनचौपारी गाउँपालिका गाउँ सभाको १७ औं अधिवेशनमा पेश गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ६** अर्जुनचौपारी गाउँपालिकाको पूर्वाधार ऐन, २०७४ संशोधनका लागि अर्जुनचौपारी गाउँपालिका गाउँ सभाको १७ औं अधिवेशनमा पेश गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ७** अर्जुनचौपारी गाउँपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको ऐन, २०७६ संशोधनका लागि अर्जुनचौपारी गाउँपालिका गाउँ सभाको १७ औं अधिवेशनमा पेश गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ८** अर्जुनचौपारी गाउँपालिकाको खानेपानी तथा स्वच्छता सम्बन्धी ऐन, २०८० संशोधनका लागि अर्जुनचौपारी गाउँपालिका गाउँ सभाको १७ औं अधिवेशनमा पेश गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ९** अर्जुनचौपारी गाउँपालिकाको स्थानीय स्वास्थ्य तथा सरसफाई ऐन, २०७४ संशोधनका लागि अर्जुनचौपारी गाउँपालिका गाउँ सभाको १७ औं अधिवेशनमा पेश गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. १०** ठेक्का नं. ACRM/NCB/RD/11/81/82 अन्तर्गतको हिले-दरौं मोटरबाटो स्तरोन्नति कार्यका लागि ठेक्काको म्याद मिति २०८२ आषाढ १५ गतेसम्म रहेकोमा निरन्तरको भीषण वर्षाका कारण तोकिएको समयभित्र निर्माण कार्य सम्पन्न गर्न असम्भव भएको भनी ठेकेदार एस.एस. बिल्डर्सले यस कार्यालयमा म्याद थपको लागि निवेदन दर्ता गराएको हुँदा सो अनुरूप आवश्यक सम्पूर्ण प्रक्रिया पूरा गरी निर्माण कार्य सम्पन्न गर्न मिति २०८२ असोज मसान्त सम्म म्याद थप गर्ने सर्वसम्मत निर्णय गरियो।

धन बहादुर गुरुङ

प्रवक्ता

*" साझा प्रतिबद्धता, साझा जिम्मेवारी, हामी सबैको सपना समुन्नत अर्जुनचौपारी "*